नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

प.स. ०७८।७९ मितिः २०७८।१२।४
च.न. ८४३

श्री शिक्षा विकास तथा समन्वय इकाई
सबै ।

**विषयः बेरुजु सम्परीक्षण तथा फछ्यौट सम्बन्धमा ।**

यस केन्द्र अन्तर्गत शिक्षा विकास तथा समन्वय इकाईको नाममा रहेको बेरुजुको मात्रा ठुलो रहेको तथा सो बेरुजु सम्परीक्षण तथा फछ्यौटका सम्बन्धमा सहजीकरण गर्ने उदेश्यले शिक्षा विकास तथा समन्वय इकाईका प्रमुखहरुसँग विभिन्न समयमा भएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त राय/सुझाव समेतका आधारमा तपशिल बमोजिमका कार्यहरु यथाशिघ्र कार्यान्वयन गर्ने गराउने व्यवस्थाका लागि केन्द्रको मिति २०७८।१२।४ को निर्णयानुसार जानकारीको लागि अनुरोध छ ।

**तपशिलः**

१. जिल्लाभित्र बेरुजु भएका विद्यालयको विवरण शिक्षा विकास तथा समन्वय इकाईले आफ्नो वेवसाईटमा राखी सार्वजनिक गर्ने ।
२. बेरुजु भएका विद्यालयलाई बेरुजु फछ्यौट नभएसम्म आगामी दिनमा केन्द्रबाट प्रदान गरिने अनुदानका कार्यक्रममा सिफारिस नगर्ने ।
३. बेरुजु भएका विद्यालयका जिम्मेवार प्र.अ.हरुलाई बेरुजु फछ्यौट नभएसम्म पुरस्कार, सेवा सुविधाका लागि सिफारिस नगर्ने ।
४. साविक जिल्ला शिक्षा कार्यालय मार्फत भवन निर्माण प्रयोजनार्थ विद्यालयलाई प्रदान गरिएको रकममा हालसम्म पनि निर्माण कार्य शुरु हुन नसकी खर्च नभई बाँकी रहेको रकम यथाशिघ्र बेरुजु खातामा दाखिला गराउने ।
५. चालु आ.व. ०७८।७९ मा ब.उ.शि.न. ३५००१०१३ खर्च शीर्षक न.२२४११ मा **बेरुजु फछ्यौटका लागि विद्यालय निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयारीका लागि प्राविधिक परामर्श सेवा** कार्यमा लागि प्रदान गरिएको रकम खर्च गर्ने सम्बन्धमा केन्द्रबाट यसपूर्व भएको परिपत्र बमोजिम अविलम्ब जनशक्ति करार गरी निर्माण सम्पन्न भएका विद्यालयको कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाउने ।

विनोद गेलाल
उपसचिव(लेखा)

**बोधार्थः**

श्री सामुदायिक विद्यालय (बेरुजु भएका सबै) ।
श्री स्थानीय तह, सबै । समन्वय र सहजीकरण हुन ।
श्री शैक्षिक प्रविधि शाखाः पत्र website मा upload गरिदिनुहुन ।